

# अध्याय -१३

## परमेश्वरको प्रेमको विजय

<u>यस अध्यायका मूल पदहरू:</u> प्रकाश २२:११,१२; यर्मिया ३०:५-७; भजन ९१:१-११; यर्मिया २५:३३; प्रकाश २१:२ र प्रकाश २०:११-१५।

*<u>यस अध्यायको मुल सार पद:</u> "३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफैं तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" प्रकाश २१:३-४।*

हाम्रा हृदयहरू आशाले भर्न दिएर हामीले भविष्यको सामना गर्न सक्छौं। चुनौतीपूर्ण समय आउने भएतापनि, जुन सुकै कष्ट हामीले भोग्नुपरेतापनि, जुनसुकै कष्टहरू हामीले सहनुपरेतापनि, जुनसुकै शोक हामीले अनुभव गर्नुपरेतापनि यदि हामीमा आशा छ भने असल दिन आउँदैछ भनेर हामीले आशा गर्न सक्छौं। अहिले नै आज हामी अर्थपूर्ण, उद्देश्य प्रेरित र आनन्दसँग जीवन बिताउन सक्छौं। सन १९३३-१९४५ सम्म फ्रान्कलिन डी. रुजवेल्ट अमेरिकाको राष्ट्रपति थिए। यो समय अमेरिकाको अत्यन्तै नाजुक र कठिन समय थियो। उनी पोलियो भएर पक्षाघात भएका थिए र कसैको सहायताबिना हिंड्न सक्दैनथे। उनले यो लेखे, "हामी जहिले पनि आशा र विश्वासमा अडिग भयौं। उत्तम जीवन छ,

क्षितिजभन्दा बाहिर उत्तम संसार छ भन्ने विश्वासमा हामी जहिले पनि रह्यौं।" विश्वको अत्यन्तै प्रतिभाशाली बुद्धिजीवि अलबर्ट आइन्स्टाइनले लेखेका थिए, "हिजोबाट सिकौं, आजको निम्ति जिऔ र भोलीको आशाको निम्ति बाँचौं।" महारानी भिक्टोरियाको समयको लोकप्रिय कवि अल्फ्रेड लर्ड टेनिसनले लेखे, "आउने वर्षहरूमा आशा मुस्कुराएर आउँछ, यो कानेखुशी गर्दै 'पछिको जीवन खुशीको हुनेछ।'"

यस अध्ययन पुस्तकको अन्तिम अध्यायमा हामी आइपुगेकाछौं। यसमा जगतको इतिहासमा अत्यन्तै उत्तेजनात्मक खुशीयालीमा ख्रीष्टको अटल प्रेम हामीले हेर्नेछौं। साथै असल र खराबको महान् भिषण द्वन्द्वमा उहाँले पूरा विजय प्राप्त भएको पनि हेर्नेछौं। बाइबलको अन्तिम पुस्तक प्रकाशको पुस्तकले आजको निम्ति, भोलीको निम्ति र सदाको निम्ति हामीलाई आशा दिन्छ।

***यस अध्याय द ग्रेट कन्त्रोभर्सी ३९-४२मा आधारित छ।***

## १. कठिन र शङ्कटको समयमा आशा

**देहायका पदहरू पढ्नुहोस्। येशूको दोस्रो आगमन भन्दा पहिले के घट्नाहरू हुनेछन्? "११ दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लील काम गर्नेले अश्लील काम गरिरहोस्, धर्मात्माले धार्मिक कार्य गरिरहोस्, र पवित्र जनचाहिँ पवित्र नै भइरहोस्।" १२ "हेर, म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ।" प्रकाश २२:११-१२; "१ "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबै– बचाइनेछन्। २ पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि।" दानिएल १२:१-२ र "१ परमप्रभुबाट यर्मियाकहाँ आएको वचन यही होः २ "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'मैले तिमीलाई भनेका सबै कुरा एउटा पुस्तकमा लेख्। ३ यस्तो दिन आउँदैछ, जब म मेरा प्रजा इस्राएल र यहूदालाई निर्वासनबाट फर्काएर ल्याउनेछु, र देश अधिकार गर्न मैले तिनीहरूका पिता-पुर्खाहरूलाई दिएको त्यस देश म फेरि तिनीहरूलाई दिनेछु,' परमप्रभु भन्नुहुन्छ।" ४ इस्राएल र यहूदाको विषयमा परमप्रभुले भन्नुभएका कुरा यी नै हुन्ः ५ "परमप्रभु यसो भन्नुहुन्छः 'डरको आवाज र त्रासको आवाज सुनिँदैछ।**

**शान्तिको होइन। ६ सोध र हेरः के पुरुषले छोराछोरी जन्माउन सक्छ र? किन त हरेक बलियो मानिस प्रसववेदनामा परेझैं आफ्नो हातले पेट समातेको म देख्तछु? किन हरेकको अनुहार मरेको जस्तै पहेंलो भएको छ? ७ हाय! त्यो दिन कस्तो डरलाग्दो दिन हुनेछ! त्यस्तो अरू कुनै दिन पनि हुनेछैन। याकूबको निम्ति यो दुःखको दिन हुनेछ, तर ऊ त्यसबाट बचाइनेछ। ८ "सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, 'त्यस दिन म त्यो जुवा तिनीहरूको काँधबाट भाँचिदिनेछु, र म तिनीहरूको बन्धन फुकाइदिनेछु। विदेशीहरूले कहिल्यै तिनीहरूलाई दास बनाउनेछैनन्। ९ त्यसको सट्टामा तिनीहरूले परमप्रभु आफ्ना परमेश्वर र मैले तिनीहरूका निम्ति खड़ा गरेका तिनीहरूका राजा दाऊदकै सेवा गर्नेछन्।" यर्मिया ३०:१-९।**

परमेश्वरलाई विश्वास गर्ने अर्थात् आफ्ना दुष्ट कामहरूबाट फर्किन दिएको समयको अन्त्य भएपछि सङ्कटको समय आउनेछ। संसार सृष्टि भएको समयदेखि त्यस खालको शङ्कट पहिला कहिल्यै पनि भएको थिएन। यस दुष्ट संसारमा सात किसिमका महामारीहरू खनिने छ भनेर प्रकाश १६ले वर्णन गर्दछ। यस पृथ्वीको इतिहासमा ती महामारीहरू अन्तिम हुनेछ। जसरी मिश्र देशले महामारीहरू भोगिरहेका थिए र परमेश्वरका जनहरू तिनीहरूबाट सुरक्षित भएको थियो त्यसरी नै अन्तिम युगमा हुने शङ्कटको महामारीहरूबाट परमेश्वरका जनहरूलाई सुरक्षित राखिनेछ। दानिएलले उल्लेख गरेका प्रतिज्ञा हेर्नुहोस्, "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबै– बचाइनेछन्।" दानिएल १२:१। त्यो जीवनको पुस्तकको बारेमा देहायका पदहरूले पनि पुष्टि गर्दछन्: फिलिप्पी ४:३; प्रकाश १३:८; प्रकाश २०:१२,१५ र प्रकाश २२:१९। यदि हामी येशूमाथिको विश्वासमा अडिग भएर बस्यौं भने हाम्रा नाउँहरू जीवनको पुस्तकबाट मेटिनेछैन (प्रकाश ३:५)।

**आउने शङ्कटबाट बच्न वा सुरक्षित हुन हाम्रो तयारी केमा मात्र पर्याप्त छ? हेर्नहोस्: "१ हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन। २ प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔँला, सो अहिलेसम्म**

प्रकट भएको छैन। यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं। ३ अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ।" १ यूहन्ना ३:१-३; "२७ पिताको विषयमा उहाँले भन्नुभएको हो भनी तिनीहरूले बुझेनन्। २८ यसकारण येशूले भन्नुभयो, "जब तिमीहरूले मानिसको पुत्रलाई माथि उचाल्नेछौ, म उही हुँ भनी तिमीहरूले थाहा पाउनेछौ, र म आफ्नै अधिकारमा केही गर्दिनँ, तर पिताले सिकाउनुभएका कुराहरू बोल्दछु भनी जान्नेछौ। २९ मलाई पठाउनुहुने मसँग हुनुहुन्छ। उहाँले मलाई एकलै छोड्नुभएको छैन, किनभने म सधैं उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु।" यूहन्ना ८:२७-२९ र "२८ "मैले तिमीहरूलाई 'म गइरहेछु, र तिमीहरूकहाँ आउँछु' भनेको तिमीहरूले सुन्यौ। तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ। २९ अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक। ३० म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ। त्यसको ममाथि केही शक्ति छैन। ३१ तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्दछु भनी संसारले जानोस्।" यूहन्ना १४:२८-३१

शङ्कटको समयमा परमेश्वरका जनहरू येशूसँग यस्तो व्यक्तिगत सम्बन्ध राख्छन् कि तिनहरूलाई कसैले हल्लाउन सक्दैन न त तिनीहरूको मनलाई नै परिवर्तन गर्न सक्छ। तिनीहरूको सम्पूर्ण इच्छा नै सबै थोकहरूमा उहाँलाई प्रशन्न पार्नुहुनेछ र पवित्र आत्माको कामले तिनीहरू उहाँ जस्तै चोखो वा शुद्ध हुनेछ। सैतानको छलमा लाग्न येशूको हृदयमा कुनै तत्त्व पनि हुनेछैन। हामीले पनि त्यस चरित्रको पक्षलाई प्रतिबिम्बित गर्न सक्छौं।

शङ्कट र कठिन समयमा हामीलाई के बाचाहरू परमेश्वरले दिनुभएको छ? हेर्नुहोस्, "सङ्कष्टको दिनमा उहाँले मलाई उहाँको वासस्थानमा सुरक्षित राख्नुहुनेछ, आफ्नो पवित्र वासस्थानमा उहाँले मलाई लुकाइदिनुहुनेछ, अनि एउटा चट्टानमाथि उच्च राख्नुहुनेछ।" भजन २७:५, "१ जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ। २ परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राखतछु।" ३ निश्चय नै उहाँले तिमीलाई शिकारीको

पासोबाट, र घातक रूढ़ीबाट बचाउनुहुनेछ। ४ उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ। उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ। ५ तिमी रातको ठूलो त्रासदेखि, र दिनमा उड़ेर आउने बाणदेखि डराउनेछैनौ, ६ न त अन्धकारमा फैलिने रूढ़ीदेखि, न मध्यदिनमा नाश गर्ने महामारीदेखि डराउनेछौ। ७ एक हजार जना तिम्रो नजिक लोट्लान्, र तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजिक त्यो आउनेछैन। ८ तिमीले आफ्ना आँखाले मात्र त्यो अवलोकन गर्नेछौ, र दुष्टहरूको प्रतिफल देख्नेछौ। ९ यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने– परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ– १० तिम्रो कुनै अनिष्ट हुनेछैन, तिम्रो घरको नजिक कुनै विपत्ति आउनेछैन। ११ किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ। १२ तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन्। १३ तिमीले सिंह र गोमनलाई कुल्चनेछौ, जवान सिंह र सर्पलाई तिमीले पैतालामुनि लतार्नेछौ। १४ परमप्रभु भन्नुहुन्छ, "त्यसले मलाई प्रेम गरेको हुनाले, म त्यसलाई छुटाउनेछु। त्यसले मेरो नाउँ ग्रहण गरेको छ, यसकारण म त्यसको रक्षा गर्नेछु।१५ त्यसले मेरो पुकार गर्नेछ, र म त्यसलाई उत्तर दिनेछु। त्यसका दुःखको घड़ीमा म त्यससँग हुनेछु, म त्यसलाई छुटकारा दिनेछु, र आदर गर्नेछु।१६ लामो आयु दिएर म त्यसलाई सन्तुष्ट तुल्याउनेछु, र त्यसलाई म उद्धारको दर्शन दिनेछु।" भजन ९१ र "८ अनि स्मुर्नाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आदि र अन्त्यले भन्दछ, जो मरेको थियो, र फेरि जीवित भयो। ९ म तिम्रा कष्टहरू र तिम्रो दरिद्रतालाई जान्दछु। तर तिमी त धनी नै छौ। म तिनीहरूलाई चिन्दछु, जसले आफूलाई यहूदी हौं त भन्छन्, तर वास्तवमा तिनीहरू होइनन्। तिनीहरूले गरेका निन्दा म जान्दछु। तिनीहरू शैतानको सभाघर हुन्। १० तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु। ११ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुनेछैन। १२ अनि पर्गामिमका मण्डलीका दूतलाई यो लेखः यी कुरा धारिलो दुईधारे तरवार साथमा हुनेले भन्दछ, १३ मलाई थाहा छ, तिमी कहाँ बस्छौ, त्यहीं जहाँ शैतानको सिंहासन छ। तरै पनि

तिमीहरू मेरो नाउँमा स्थिर बस्छौ। मेरो विश्वासयोग्य साक्षी एन्टिपासको समयमा पनि ममाथिको आफ्नो विश्वास तिमीहरूले त्यागेनौ। शैतान बस्ने ठाउँमा तिमीहरूकै माझमा तिनी मारिए।" प्रकाश २:१०-१३।

*कुनै मध्यस्थकर्ताबिना शङ्कटको समयमा जिउने धारणाको बारेमा कतिपयले बुझेका छैनन्। जब संसारमा रहने प्रत्येक मानव प्राणीले उहाँको पक्षमा रहने कि विपक्षमा रहने भन्ने अन्तिम निर्णय गर्छ तब येशूले स्वर्गमा रहेको स्वर्गको पवित्रस्थानमा उहाँको मध्यस्थकर्ता हुने काम समाप्त हुन्छ। तर त्यसको अर्थ शङ्कटको सामना गर्न हामी एक्लै हुन्छौं वा हाम्रै बलले मात्र सामना गर्नुपर्नेछ भन्ने होइन। हामीसँग सधैं रहने वाचा येशूले गर्नुभएको थियो (मत्ती २८:२०)। हाम्रा वरिपरि संसार ढलिरहेतापनि हामीमा त्यो विश्वास हुनेछ जुन उहाँमा भरोसा राख्न सक्ने हुन्छ। यस शङ्कटको समयमा हाम्रो विश्वासले बल पाउँछ र अनन्त स्वर्ग प्रति हाम्रो तिब्र चाहना बढ्दै जानेछ। येशूसँग सदासदा रहने हाम्रो चाहनाले हाम्रो दिमागमा अड्डा जमाउँछ।*

## २. येशूको सिघ्र आगमनको आशा

भविष्यमा चुनौतीहरूको सामना गर्नु पर्ने र आउने शङ्कटको सन्दर्भमा देहायका पदहरू हाम्रो निम्ति किन उत्साहजनक छ? हेर्नुहोस्, "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। ४ जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौ।" यूहन्ना १४:१-४ र "११ किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, १२ जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ। १३ र हाम्रो धन्यको आशा– हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं। १४ ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो। १५ यी कुराहरूको घोषणा गर, पूरा

अधिकारसहित अर्ती-उपदेश देऊ र हप्काऊ। कसैले तिम्रो अवहेलना नगरोस्।" तितस २:११-१५।

"तिमीहरूको हृदय व्याकुल वा विचलिन नहोस्" भन्ने शब्दहरू येशूको आफ्नै हो। उहाँले हामीलाई कहिल्यै पनि त्याग्नेछैन र हामीलाई घर लान उहाँ फेरि आउनुहुनेछ भन्ने उहाँको बाचा हो। यो संसार हाम्रो घर होइन। सुदिन आउँदैछ। नयाँ करारको प्रत्येक २५ पदमा एउटा पदले उहाँको आगमनको बारेमा बताउँदछ। जब हाम्रा दिनहरू अन्धकार हुन्छन् र सरकार र इसाई चर्च नै मिलेर हाम्रो जीवनको अस्तित्वलाई धम्कि दिन्छन तब येशूको दोस्रो आगमनको प्रतिज्ञाले हाम्रो हृदय आशाले भरिन्छ। यो नै धन्यको आशा हो जसले प्रत्येक पुस्तामा परमेश्वरका बफादारी जनहरूलाई प्रेरणा दिन्छ।

देहायका पदहरू पढ्नुहोस्। मुक्ति पाउने र नपाउनेहरूका मनस्थितिहरू कस्तो हुन्छ ती पदहरूले बताउँछ। ती दुई दिमाग भएकाहरूको बिचमा के फरक छ? हेर्नुहोस्: " १५ तब पृथ्वीका राजाहरू, राजकुमारहरू, जर्नेलहरू, धनीहरू, बलियाहरू, हरेक दास र स्वतन्त्र मानिस पहाड़का गुफाहरू र चट्टानहरू हुँदो लुके। १६ तिनीहरूले पहाड़हरू र चट्टानहरूलाई भने, "हामीमाथि खस, र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट हामीलाई लुकाओ, १७ किनकि उहाँहरूका क्रोधको ठूलो दिन आएको छ, र यसको अगि को खड़ा हुन सक्छ?" प्रकाश ६:१५-१७ र " ६ सर्वशक्तिमान् परमप्रभुले यसै पर्वतमा सारा मानिसहरूका निम्ति मीठा-मीठा थोकहरू– छिप्पिएको मद्य, असल-असल स्वादिष्ट थोकहरू, सबैभन्दा असल मद्यको भोज लाउनुहुनेछ। ७ उहाँले यही पर्वतमा सारा मानिसहरूलाई ढाक्ने वस्त्र र सारा जातिलाई छोप्ने तन्ना हटाइदिनुहुनेछ। ८ उहाँले मृत्युलाई सदाको निम्ति निल्नुहुनेछ। परमप्रभु परमेश्वरले सबैका अनुहारबाट आँसु पुछिदिनुहुनेछ। उहाँले सारा पृथ्वीबाट आफ्नो प्रजाको निन्दा हटाइदिनुहुनेछ। परमप्रभुले भन्नुभएको छ। ९ त्यस दिन तिनीहरूले यसो भन्नेछन्, "निश्चय उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँमाथि भरोसा गर्‍यौं र उहाँले नै हामीलाई बचाउनुभयो। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँमाथि हामीले भरोसा गर्‍यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुशी होऔं र रमाऔं।"यशैया २५:६-९।

आफूले गरेका अत्याचार, दुष्टयाइँ, दमन, खराब बानीव्यहोरा, छलकपट, धोखा, झुट जस्ता परमेश्वरसम्मत नभएका व्यवहारको भयानक पापका नतिजाहरू कस्तो रहेछ भनेर दुष्टहरूले महसुस गर्नेछन्। परमेश्वरको

अचम्मको अनुग्रहको प्रावधानलाई स्वीकार गर्दा तिनीहरूले उपभोग गर्न पाउने अवसरको निम्ति धर्मीहरू रमाउनेछन्। परमेश्वरको विरुद्धमा वा उहाँको नीतिमा हिंड्न नचाहने र आफ्नै सुरमा हिंड्नेहरूको मनस्थितिमा त्रास, अपराधी, पापी र दोषले भरिएको हुन्छ। अन्तमा आएर तिनीहरूको अस्तित्व सदाको निम्ति बिलाएर जानेछ। जब हामी परमेश्वरले उपलब्ध गर्नुभएको मुक्तिको अनुग्रहलाई स्वीकार्छौं तब हामीमा क्षमा पाएको भावना, शान्ति र अनन्तसम्म आनन्दको उपभोग गर्ने छौं जुन उहाँको महिमित आगमनबाट सुरु हुन्छ।

**खीष्टबाट सितैंमा उपलब्ध गराउनुभएको महिमामय मुक्तिलाई ग्रहण गर्न पाउँदा मुक्ति पाएकाहरूको प्रतिक्रिया कस्तो हुनेछ? हेर्नुहोस्, "३ तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, “हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्। ४ हे परमप्रभु, तपाईंको डर कसले मान्दैन? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।"प्रकाश १५:३-४ र "६ त्यसपछि एउटा ठूलो भीड़को सोरजस्तो मैले सुनें, उलंर्दो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो मैले सुनें, जसले यसो भनिरहेको थियोः “हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्ले राज्य गर्नुहुन्छ। ७ हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्। ८ चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्। ९ अनि ती स्वर्गदूतले मलाई भने, “यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।" तिनले फेरि मलाई भने, “परमेश्वरका सत्य वचनहरू यी नै हुन्।" प्रकाश १९:६-९।**

"खीष्टको क्रूस मुक्ति पाएकाहरूको निम्ति अनन्तसम्म ज्ञानविज्ञान र गीत हुनेछ। महिमित हुनुभएको खीष्टमा क्रूसमा टाँगिएको खीष्ट तिनीहरूले देख्नेछन्। सारा संसारका सृष्टिकर्ता, सबै मानिसहरूको भविष्य निर्धारण गर्ने खीष्टले आफ्नो राजकीय वस्त्रलाई थन्क्याएर भयानक अपमान सहनुभयो। मानिस प्रति उहाँले देखाउनुभएको प्रेमको कारण सारा जगत् उहाँप्रति आभारित

भइ उहाँको आराधना, प्रशंसा र स्तुति उल्लासपूर्ण गर्नेछन्। सारा जगत उहाँलाई अचम्मित भएर हेर्नेछन्।"-*द ग्रेट कन्त्रोभर्सी*, पृ. ६५१।

**देहायका पदहरू हेर्नुहोस्। ती पदहरूकसरी अगाडि बढेको छ हेर्नुहोस्। ती पदहरूले पृथ्वीमा हुने अन्तिम युद्ध र ख्रीष्टको आखिरी विजयको बारेमा कसरी प्रगतिपूर्वक वर्णन गर्दछ? हेर्नुहोस्: " तब त्यो विशाल सर्प त्यस स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको अन्य बालकहरूको विरुद्ध लडाईं गर्न हिंड्यो। त्यस स्त्रीका बालकहरू तिनीहरू थिए जसले परमेश्वरको आदेशको पालन गर्थे। येशूले सिकाएको सत्य तिनीहरूसित थियो।" प्रकाश १२:१७; " १२ "तिमीले देखेका ती दश वटा सीङचाहिँ दश राजाहरू हुन्, जसले अहिलेसम्म राजकीय शक्ति पाएका छैनन्। तर तिनीहरूले त्यस पशुसँग छोटो समयको निम्ति राजाकै अधिकार पाउनेछन्। १३ तिनीहरू एकै मनका छन्, र तिनीहरूले आफ्नो शक्ति र अधिकार त्यस पशुलाई सुम्पनेछन्। १४ तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।"प्रकाश १७:१२-१४ र " ११ मैले स्वर्ग उघ्रेको देखें र त्यहाँ एउटा सेतो घोडा थियो। त्यसमाथि सवार हुनुहुने "विश्वासयोग्य" र "सत्य" कहलाइनुहुन्छ। धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ। १२ उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै राजमुकुट थिए। उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरू कसैलाई थाहा थिएन। १३ उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ "परमेश्वरको वचन" थियो। १४ स्वर्गका सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चड्रेर उहाँको पछिपछि लागे। १५ जातिजातिहरूलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डन्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ। सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ। १६ उहाँका पोशाक र तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" अङ्कित छ।" प्रकाश ९:११-१६।**

## ३. यस पृथ्वीमा सहस्र वर्ष

प्रकाश १९ले येशूको आगमन नाटकीय रूपमा चित्रण गर्छ र दुष्टहरूको बिनाश पनि। तर त्यतिकैमा कथा अन्त हुँदैन। प्रकाश २०ले येशूको आगमनपछि हुने यस पृथ्वीको हजार वर्ष वा सहस्र वर्षको बारेमा वर्णन गर्दछ।

**जब येशू फर्किनुहुन्छ तब सैतानको गति के हुनेछ? हेर्नुहोस्, " १ त्यसपछि अतल कुण्डको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएका एउटा स्वर्गदूत स्वर्गबाट ओर्लन आएका मैले देखें। २ तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे। ३ तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्। त्यसपछि केही समयको निम्ति त्यसलाई फुक्का गरिनुपर्छ।" प्रकाश २०:१-३।**

प्रकाश २०:१-३मा गरिएको वर्णन प्रतिकको रूपमा छ। सैतानले अक्षरस रूपमा डोरीले बाँधेर कुनै खाल्डोमा राखिने होइन। तर सैतान उजाड स्थान वा मरुभूमि र मानवविहिन पृथ्वीमा जाकिनेछ। ऊ आफैले सृजना गरेको परिस्थितिको नियन्त्रणमा रहन्छ। २ पत्रुस २:४ले सैतान र उसका स्वर्गदूतहरू दण्डको निम्ति राखिएको अन्धकारका सिक्रीहरूमा बाँधिने छ। परिस्थितिको सिक्रीले सैतान यस पृथ्वीमा नजरबन्दमा रहनेछ। उसले कसैलाई पनि बहकाउन सक्नेछैन। उसले मच्चाएको विध्वंस, विनाश, दैवीप्रकोप हजार वर्षसम्म हेर्न बाध्य हुनेछ। उसले उब्जाएको विद्रोहले ल्याएको दुर्गति उसैले हजार वर्षसम्म टुलुटुलु हेरिरहनेछ।

ग्रीक भाषामा अनुवाद गरिएको अटल कुण्ड अङ्ग्रेजीमा आबिस abyss हो। यो शब्द ग्रीक भाषामा अनुवाद गरिएको पुरानो करार सेप्टोजिन्ट बाइबलमा छ। यही शब्द सृष्टिका पृथ्वीको स्थितिलाई वर्णन गरिएको छ। उत्पत्ति १:२ मा लेखिएको छ, "पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार र गहिरो थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो।" ग्रीक बाइबलमा लेखिएको गहिरोलाई आविस शब्द प्रयोग गरिएको छ। यो उजाड र सुनसान पृथ्वीको स्थिति थियो। पिँड नभएको खाल्दोको अर्थ कुनै भौगोलिक स्थान होइन। सैतानको पापको काम र विनाशले येशूको आगमनपछि पृथ्वी ठूलो लठालिङ्ग अवस्थामा हुनेछ। सृष्टिको सुरुमा भएको अन्धकार र लठालिङ्ग अवस्थाको दृश्य दोहोरिनेछ।

**हेर्नुहोस् बाइबलका अगमवक्ताहरूले कोरेका आउनेवाला पृथ्वीको दृश्यः "२३ मैले पृथ्वीलाई हेरें, र त्यो त आकारहीन र शून्य थियो। अनि आकाशलाई मैले हेरें, र त्यहाँ ज्योति नै थिएन। २४ मैले पहाड़हरूलाई हेरें, ती कामिरहेका थिए, सबै डाँड़ाहरू यताउता हल्लिरहेका थिए। २५ मैले हेरें, र त्यहाँ कोही**

मानिसहरू नै थिएनन्। आकाशका सबै पन्क्षीहरू उड़ेर गइसकेका थिए। २६ मैले हेरें, र परमप्रभुको सामुन्ने, उहाँको भयानक रीसको सामुन्ने फलदायक जमिन मरुभूमि भएथ्यो, र त्यसका सबै नगरहरू ध्वस्त भएथे।" यर्मिया ४:२३-२६; "३० "अब तिमीले चाहिँ उनीहरूका विरुद्धमा यी सबै कुराको अगमवाणी कहेर उनीहरूलाई भन्, 'परमप्रभु माथिबाट गर्जनुहुनेछ, आफ्नो पवित्र वासस्थानबाट उहाँ गर्जनुहुनेछ, र आफ्नो देशको विरुद्धमा उहाँ जोरसित गर्जनुहुनेछ! पृथ्वीमा बस्नेहरू सबैका विरुद्धमा, दाखमद्य कुल्चनेहरूजस्तै उहाँ चिच्च्याउनुहुनेछ। ३१ हल्लाको प्रतिध्वनि पृथ्वीको पल्लो कुनासम्मै सुनिनेछ, किनभने पृथ्वीका जातिहरूका विरुद्धमा परमप्रभुले अभियोग लगाउनुहुनेछ, र उहाँले सबै मानिसहरूको न्याय गर्नुहुनेछ र दुष्टहरूलाई चाहिँ उहाँले तरवारले काट्नुहुनेछ'," परमप्रभु भन्नुहुन्छ। ३२ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "हेर, विपत्ति एक जातिदेखि अर्को जातिसम्मै फैलिँदैजान्छ, पृथ्वीका कुना-कुनाबाट एउटा भयानक तूफान चल्दैछ।" ३३ त्यस दिन परमप्रभुले मार्नुभएकाहरू सबै ठाउँमा– पृथ्वीको एक कुनादेखि अर्को कुनासम्म हुनेछन्। उनीहरूका निम्ति कसैले विलाप गर्नेछैन, अथवा ती लाशहरूलाई कसैले जम्मा गर्नेछैन, न त गाड्नेछ। तिनीहरू जमिनमा मलजस्तै हुनेछन्। ३४ विलाप गर, हे गोठाला हो, र रोओ। तिमी बथानका अगुवाहरू, धूलोमा लड़ीबड़ी गर। किनकि तिमीहरू काटेर मारिने समय आएको छ। तिमीहरू लोट्नेछौ, र भाँड़ाहरूजस्तै चूरचूर पारिनेछौ। ३५ गोठालाहरूका निम्ति भाग्न कतै ठाउँ हुनेछैन, बगालका अगुवाहरूका निम्ति उम्कने ठाउँ हुनेछैन। ३६ गोठालाहरूको रुवाइ सुन, बगालका अगुवाहरूको विलाप, किनकि परमप्रभुले तिनीहरूका खर्क नष्ट पार्दैहुनुहुन्छ। ३७ परमप्रभुको भीषण क्रोधले गर्दा शान्तिमय खर्कहरू उजाड़ पारिनेछन्। ३८ सिंहलेझैं उहाँले आफ्नो ठाउँ छोड्नुहुनेछ, र अत्याचारीको तरवार र परमप्रभुका क्रोधको कारण तिनीहरूको देश उजाड़ हुनेछ।" यर्मिया २५:३०-३८।

जब येशू दोस्रो पल्ट आफ्नो प्रतापमा आउनुहुनेछ तब यस पृथ्वीमा हुने दैवीप्रकोप वा महाविपत्तिद्वारा त्यसको विध्वंस हुने दृश्य अगमवक्ताहरूले हेर्नुपरेको थियो। हजार वर्षसम्म पृथ्वीमा कुनै पनि जिवित रहनेछैन। सैतान र उसका दुष्ट वा असुर स्वर्गदूतहरूले आफ्नो चर्तिकलाले पृथ्वीमा ल्याएको विनाश हजार वर्षसम्म हेर्न र त्यसको बारेमा सोच्न तिनीहरूलाई बाध्य

पारिनेछ। पापको ज्याला मृत्यु हो भनेर सारा जगतले महसुस गर्नेछ। परमेश्वरले पापको समस्याको मामिला प्रति कस्तो व्यवहार गर्नुभयो त्यो छर्लङ्ग हुनेछ र कसरी त्यसको उदय फेरि हुनेछैन (नेहम्याह १:९)। यसमा परमेश्वरले तीन तरिकाहरू अपनाउनु भएको थियो। पहिलो, उहाँले उहाँको असमित प्रेम, तिब्र चाहना र मानिसलाई मुक्ति दिन अथक प्रयास गर्नुभएको प्रकट हुनेछ, दोस्रो, उहाँको न्याय, उचित कार्वाही र धार्मिकताको प्रकट गर्नुभएको थियो र तेस्रो, उहाँले सारा जगत ब्रम्हाण्डको सामु पाप र विद्रोहको अन्तिम परिणाम उघारिनेछ।

## ४. सहस्रवर्षमा बस्ने न्याय अदालत

**हजार वर्षसम्म धर्मी वा मुक्ति पाएकाहरूले के गर्नेछ र त्यो किन महत्त्वपूर्ण छ सहस्रवर्षको दृश्य कस्तो हुनेछ ? हेर्नुहोस, "१ त्यसपछि अतल कुण्डको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएका एउटा स्वर्गदूत स्वर्गबाट ओर्लन आएका मैले देखें। २ तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे। ३ तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्। त्यसपछि केही समयको निम्ति त्यसलाई फुक्का गरिनुपर्छ। ४ तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे। ५ अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। ६ पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्। ७ एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोडिनेछ, ८ र पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछ। ९ तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको**

**वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पाऱ्यो। १० तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्।" प्रकाश २०:१-१०।**

सहस्र वर्षको समयमा परमेश्वरको न्याय, प्रेम र पापको मामिला उहाँले कसरी सम्माल्नुभयो सो धर्मीहरू आफैले हेर्न अवसर मिल्नेछ। परमेश्वरको बारेमा सोधिने धेरै प्रश्नहरू कोसँग हुँदैन होला? सहस्रवर्षमा परमेश्वरको जनहरूले ती प्रश्नहरू सोध्न अवसर मिल्नेछ। यदि हाम्रो प्रियजन, घनिष्ठ मित्र स्वर्गमा हुँदैन भने मुक्ति पाएकाहरूलाई परमेश्वरले स्पष्टसँग र चित्तबुझ्दो रूपमा बुझाउनु हुनेछ। परमेश्वरको निर्णय न्यायोचित भएको हामीले महसुस गर्नेछौं। अझ एकदम नयाँ तरिकाले मुक्ति पाएकाहरूले यो कुरो अत्यन्तै चित्तबुझ्दो तरिकाले बुझ्नेछौं कि प्रत्येक मान प्राणीले मुक्ति पाउन परमेश्वरले सबै प्रयास गर्नुभएको थियो तर ती प्रियजनहरूले ठाडै अस्वीकार गरेका थिए। प्रत्येक व्यक्ति जो स्वर्गमा छैन उसले आफ्नै आत्मनिर्णय वा स्वविवेकले येशूलाई अस्वीकार गरेकोले हो भनेर मुक्ति पाएकाहरूले बुझ्नेछन्। स्वर्गको वातावरणमा बस्न नचाहने, ख्रीष्टको प्रेममा यसै संसारमा रहन नचाहने र केवल सांसारिक जीवनमा मात्र रमाउन चाहनेले परमेश्वरको अन्तिम न्यायको सामना गर्नुपर्नेछ। उसले दोस्रो मृत्युको सामना गर्नुपर्नेछ वा अनन्त नाश। (एलेन जी. ह्वाइटले भन्नुभएको छ कि यस संसारमा येशूसँग हिंड्न नचाहने मानिस स्वर्ग उसको निम्ति यातनागृह हुनेछ)।

**कुन घट्ना भएर सहस्रवर्ष समाप्त हुनेछ, सैतान र उसका अनुयायीहरूको गति के हुनेछ भनेर देहायका पदहरूले कसरी वर्णन गर्दछन्? हेर्नुहोस्, "७ एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोडिनेछ, ८ र पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछ। ९ तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पाऱ्यो।" प्रकाश २०:७-९।**

हजार वर्षसम्म सैतानले कसैलाई धोखा दिन सक्नेछैन न त प्रलोभनमा फसाउन सक्छ। पापको ज्यादतीको नतिजाको बारेमा विश्लेशण गर्न सैतान र उसका पतित दूतहरूले मौका पाउनेछन्। सैतान र उसका दूतहरूले पापको

घातक परिणामहरू हेर्न बाध्य हुनेछ। सहस्रवर्षको अन्तमा मरेका दुष्टहरूको पुनरुत्थान हुनेछ। तिनीहरूको अन्तिम इनाम भनेको परमेश्वरको न्यायको सामना हुनेछ (प्रकाश २०:५)।

पुनरुत्थान भएका सैतानका फौजहरूलाई उसले एकत्रित पार्नेछ। महान् भिषण द्वन्द्वमा सैतान एक पछि अर्को गरेर हारेको थियो। अब मुक्ति नपाएकाहरूका विशाल फौज देखेर उ उत्साहित हुन्छ। उसले सारा संसारका राष्ट्रहरूमा मानिसहरूकहाँ गएर तिनीहरूलाई आफ्नो पक्ष ल्याएर धोखा दिनेछ। परमेश्वर र उहाँको राज्यलाई खतम गर्न सैतानले अन्तिम प्रयास गर्नेछ। गोग र मेगोग भन्ने शब्द सारा युगमा मुक्ति नपाएका र सैतानलाई प्रयोग गर्दछ। सैतान र उसका अनुयायी फौजहरूले प्रिय सहर र सन्तहरूको शिविरलाई घेर्नेछ (प्रकाश २०:९)।

सहस्रवर्षको अन्तमा दुष्टहरूको मात्र पुनरुत्थान हुँदैन, पवित्र सहर यरुशलेम स्वर्गबाट पृथ्वीमा झर्नेछ (प्रकाश २१:२), त्यससँगै परमेश्वर, येशू ख्रीष्ट, स्वर्गदूतहरू र मुक्ति पाएका सबै जनहरू पनि आउनेछन् ! सन्तहरू नयाँ यरुशलेममा हजार वर्ष येशूसँग रहेका थिए। अब अन्तिम युद्धको निम्ति सबै जना उपस्थिति हुनेछ। त्यो महान् भिषण द्वन्द्वको निर्णायक क्षण हो। पाप सदाको निम्ति उन्मुलन हुन लागेको क्षण हुनेछ!

***अन्तिम न्यायको समयले परमेश्वरको चरित्रलाई कसरी व्याख्या गर्दछ?***

## ५. अनन्त समयहरू

**नास्तिक, दुष्ट र परमेश्वरको खिलाफमा विद्रोही जीवन बिताएर खराब आचरणमा रुचाउनेहरूको पुनरुत्थान किन हुन्छ भनेर देहायका पदहरूले बताएको हेर्नुहोस्: "९ मैले मेरो पत्रमा तिमीहरूलाई व्यभिचारीहरूको सङ्गत नगर्नू भनेर लेखेको थिएँ। १० त्यसको अर्थ, यस संसारका व्यभिचारीहरू, लोभीहरू, वा लुटाहाहरू, वा मूर्तिपूजकहरूसँग बिलकुलै सङ्गत नगर्नू भनेको होइन, नत्रता तिमीहरू संसारबाट नै निस्किजानुपर्थ्यो। ११ तर यस्ताको सङ्गत नगर्नू भनेर मैले तिमीहरूलाई लेखे, जसले आफैलाई विश्वासी भाइ हुँ भनी भन्छ (वा इसाई भनेर दावी गर्छ), तर वास्तवमा जो व्यभिचारी, वा लोभी, वा मूर्तिपूजक, वा निन्दा गर्ने, वा मतवाला वा लुटाहा हो। त्यस्तो मानिससँग त खान पनि नबस। १२ किनकि बाहिरकाहरूको इन्साफ गर्नु मलाई के खाँचो? के तिमीहरूले मण्डली भित्रकाहरूको न्याय गर्नुपर्दैन र? १३ बाहिरकाहरूको न्याय परमेश्वरले नै**

गर्नुहुन्छ। "तिमीहरूले आफ्नो बीचबाट दुष्ट मानिसलाई निकालिदेओ।" १ कोरन्थी ५:९-१३, "१० तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं। ११ किनकि लेखिएको छ, "प्रभु भन्नुहुन्छ, 'जस्तो म जीवित छु, प्रत्येक घुँड़ा मेरो सामने टेकिनेछ, र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ'।" १२ यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं।" रोमी १४:१०-१२ र "११ तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। १२ मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। १३ समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो। १४ मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। १५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।" प्रकाश २०:११-१५।

दुष्टयाईं र पापको समस्या फेरि कहिल्यै नम्रियोस भनेर समाधान गर्न प्रत्येक मानिस विश्वस्त हुनुपर्दछ कि परमेश्वर न्यायोचित र उहाँका सबै कामहरू उचित हुनुहुन्छ। भिषण द्वन्द्वमा परमेश्वर न्यायी हुनुहुन्छ भनेर सैतान र उसका दुष्ट दूतहरूले स्वीकार गरेर सबै उहाँको सामु घुँडा टेक्नै पर्ने हुन्छ। परमेश्वरको विरुद्धमा विद्रोह गर्नु कुनै औचित्य नै छैन भनेर सैतानले स्वीकार्नै पर्दछ। एलेन जी. ह्वाइटको यो आत्मज्ञान हेर्नुहोस्, "जब येशूले लेखाका पुस्तकहरू खोल्नुहुन्छ तब उहाँले दुष्टहरूमाथि नजर लगाउनुहुन्छ। प्रत्येक पाप र अधर्मको काम तिनीहरूले गरेको प्रति तिनीहरू सचेत हुन्छन् वा होशमा आउँछन्। तिनीहरू पवित्रता र शुद्धताको बाटोबाट कसरी बिराए भनेर तिनीहरू महसुस गर्नेछन्। तिनीहरूको घमण्ड, अहँकार, विद्रोह र बेवास्ताले परमेश्वरको व्यवस्था वा दश आज्ञालाई कसरी भङ्ग गरे भनेर तिनीहरूले देख्नेछन्। पापको मोहहरूमा फसेर तिनीहरू पाप कै चर्तिकलामा डुब्न रुचाएका थिए। तिनीहरूले पाएका आशिष र सर्वहितको निम्ति पाएका दक्षताहरूलाई तिनीहरूले दुरुपयोग गरेका थिए। परमेश्वरका

समाचारवाहकहरूलाई तिनीहरूले ठाडै अस्वीकार गरेका थिए र हेपेका थिए। अर्ती र चेतावनीहरू तिनीहरूले लत्याएका थिए। तिनीहरूमाथि खनिएका अनुग्रह, कृपा र दयालाई तिनीहरूको हठी स्वभाव, पश्चात्ताप नगर्ने कठोर हृदयले हुत्त फालेका लेखाहरू तिनीहरूले देख्ने छन्। तिनीहरू आगोको अक्षरले लेखेको जस्तै देखिनेछन्...।

"सारा दुष्ट संसार परमेश्वरको अदालतमा सिधै उभिनेछन् र तिनीहरूले स्वर्गको राज्यको विरुद्धमा महा खडयन्त्र गरेको आरोप तिनीहरूलाई लगाइनेछ। तिनीहरूका मामिलाहरूको बारेमा वकालत गर्ने कोही हुँदैन। पाप, अधर्म, दुष्ट, फटयाइँ, खराब गर्नुमा केही बहाना नभएको तिनीहरूले देख्नेछन्। तिनीहरूको विरुद्धमा अनन्त मृत्युको फैसला सुनाइएको तिनीहरू बाध्य भएर सुन्नु पर्नेछ।"–*द ग्रेट कन्त्रोभर्सी,* पृ. ६६६,६६८।

**पाप, दुष्ट, अत्याचारी, निरङ्कुस, खराब, पापी आदिहरूको अन्तमा हुने विनाश र धर्मीहरूको इनामको बारेमा देहायका पदहरूले कसरी खुलासा गर्दछन्? हेर्नुहोस्, "९ तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पाऱ्यो। १० तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्।" प्रकाश २०:९-१०; "१८ परमप्रभुले निर्दोष मानिसहरूको वास्ता गर्नुहुन्छ, र तिनीहरूको अधिकार सधैंभरि रहनेछ। १९ आपत्का दिनमा तिनीहरू लाजमा पर्नेछैनन्, र अनिकालका दिनमा तिनीहरूसँग प्रशस्त हुनेछ। २० तर दुष्टहरू त नष्ट हुनेछन्, परमप्रभुका शत्रुहरूचाहिँ चउरको हरियालीजस्तै छन्, तिनीहरू लोप भइजानेछन्, धूवाँजस्तै तिनीहरू लोप हुनेछन्।" भजन ३७:१८-२० र "१ "हेर, त्यो दिन आउँदैछ। त्यो भट्टीझैं दन्कनेछ। सबै हठी र सबै दुष्ट काम गर्नेहरू ठुटाझैं हुनेछन्, र त्यो आउने दिनले उनीहरूलाई आगोमा भस्म गर्नेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "त्यसले उनीहरूको एउटै जरा र एउटै हाँगा पनि छोड्नेछैन। २ तर मेरो नाउँको आदर गर्ने तिमीहरूमाथि चाहिँ धार्मिकताको सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ। अनि गोठलाई छोडेर निस्केका बाछाजस्तै तिमीहरूचाहिँ बाहिर निस्कनेछौ। ३ तब तिमीहरूले दुष्टहरूलाई खुट्टाले कुल्चनेछौ। जुन दिन म त्यो काम गर्छु, त्यस दिन उनीहरू तिमीहरूका पैतालामुनि खरानीजस्तै हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ४ "मेरो दास मोशाका व्यवस्थाको सम्झना**

**गर, ती विधि र नियमहरू जो सारा इस्राएलको निम्ति होरेब पर्वतमा मैले त्यसलाई दिएँ।" मलाकी ४:१-४।**

अहिले मानिसहरूलाई पापमा फसाएर रमाउने सैतान र उसका दुष्ट दूतहरू आगोको पोखरीमा नाश गरिनेछ भन्ने खबर असल समाचार नै हो। पाप र पापीहरू आगोले भष्म हुनेछ। प्रकाश २०:९ अनुसार तिनीहरू सदाको निम्ति नाश हुनेछ र भष्म हुनेछ तर अनन्तसम्म यातनामा तिनीहरू रहनेछैन। बाइबलमा "सदासर्वदा"को अर्थ कामको फत्ते नहुञ्जेल हो वा काम पूरा नहुञ्जेल हो (प्रस्थान २१:६; १ शमूएल १:२२,२८; यहूदा ७; र २ पत्रुस २:४-६)। मुक्ति गुमाएकोहरूको निम्ति नाश हुनु आफैं पनि अनन्त छ। परमेश्वर अनन्त यातना दिने परमेश्वर हुनुहुन्न। यो अवधारणा, अरू धर्मबाट आएको हो।

***अन्तमा आएर हाम्रो सामु दुई अनन्तको निर्णय तेर्सिएको छ। दुष्ट, पापी, खराब गर्नेहरू दुर्भाग्यवसा तिनीहरूको इनाम नै अनन्त मृत्यु हो। हामी पापी मृत्युको योग्य भएतापनि येशूको धार्मिकतामा मात्रै भर पर्नु हाम्रो आशा किन हो?***

उपसंहारः

**थप जानकारीः** "त्यहाँ रमणीय उपत्यका छ। त्यहाँका चौर बिशाल छ। त्यो उपत्यका सुन्दर पहाडको मुनि छ। त्यहाँ परमेश्वरका पहाडहरूका चुचुरोहरू भव्य छन्। त्यस शान्तमय उपत्यकामा कलकल आवाज आउने खोलाहरू छन्। यात्रु र फिरन्तेहरू भएका परमेश्वरका जनहरूले त्यहाँ तिनीहरूको घर हुनेछ।

"त्यहाँ अनन्तको सृजनात्मक दिमागहरूले परमेश्वरका अचम्म र सृजनात्मक शक्ति र उद्धार गर्ने प्रेमका रहस्यहरू अत्यन्तै आनन्द र खुशी भएर निरन्तर अध्ययन गर्नेछन्। त्यहाँ निर्दयीता, कठोर, दवाउने र परमेश्वरलाई बिर्साउन मोहमा फसाउने शत्रु हुनेछैन। मानिसको प्रत्येक आयाम वा खुबीको विकाश गरिनेछ। प्रत्येक क्षमता बढ्नेछ। ज्ञान आर्जन गर्न कसैको दिमागलाई थकित बनाउनेछैन। तिनीहरूका बलहरू लत्रक्क हुनेछैन। महान् उद्यम वा कार्य योजनाहरू अघि सार्दै कार्यान्वयन हुनेछ। मानिसको अत्यन्तै उच्च आकांक्षाहरू पूरा हुनेछ। उच्च लक्ष्यहरू पूरा हुनेछन्। अझ नयाँ नयाँ उच्च लक्ष्यहरू उब्जिनेछन्। नयाँ आश्चर्यहरूको प्रशंसा गरिनेछ। नयाँ सत्यहरू बुझ्नुपर्ने हुन्छ। मानिसका दिमाग, आत्मा वा मन र शरीरलाई ताजा बनाइ राख्ने शक्तिहरू बढावा दिन आह्वान गरिनेछ।"–*द ग्रेट कन्त्रोभर्सी,* पृ. ६७५, ६७७।

"पतित नभएको जीवहरूको बुद्धि र आनन्दमा मुक्ति पाएका पृथ्वीका जनहरू अवर्णीय वा उच्चारण नै गर्न नसकिने आनन्दमा सभागी हुनेछन्। ती स्वर्गका जीवहरूले परमेश्वरका हाते कामहरूको बारेमा युगौं युगदेखि ध्यान गरेर बुझेका ज्ञानका भण्डारहरू ती मुक्ति पाएका जनहरूलाई सुनाउनेछन्। तिनहरूले स्पष्ट आँखाले सृष्टिको गौरवलाई हेर्नेछन्। परमेश्वरको सिंहासन वरिपरि रहेका सूर्यहरू, ताराहरू नियमित रूपमा घेरिएको तिनीहरूले देख्न पाउनेछन्। शूक्ष्मदेखि बिशाल वस्तुमा सृष्टिकर्ताको नाउँ लेखिएको छ। सबै थोकहरूमा परमेश्वरको शक्ति अत्यधिक रूपमा अपचलन भएको मुक्ति पाएकाहरूले अनुभव गर्नेछन्।"- *द ग्रेट कन्त्रोभर्सी, पृ.* ६७७,६७८।

"परमेश्वर र सैतानको बीचमा भइरहेको महान् युद्ध, मतभेदको अन्त्य हुनेछ। पाप र पापीहरूको अस्तित्व हुनेछैन। सारा जगतब्रम्हाण्ड नै सफा हुनेछ। सारा सृष्टिभरी एउटै तालमेल र खुशीका धड्कनहरू चल्नेछन्। जसले सबै थोक सृष्टि गर्नुभयो, उहाँबाट नै जीवन, ज्योति र खुशियाली असिमित जगतभरी फैलिनेछ। शूक्ष्म अणुदेखि संसारको बिशाल थोकले, सबै थोकहरूले चाहे जीव होस् वा अजिव होस् छायाँले नढाकिएको सुन्दरता र परिपक्व आनन्दले परमेश्वर प्रेम हुनुहुन्छ भनेर घोषणा गर्नछन्।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ६७८।

**चिन्तनमननः**

अ. **युगौं युगसम्म पापलाई परमेश्वरले किन निरन्तरता दिनुभएको होला? फेरि यो पनि सोच्नुहोस्, कुनै पनि मानिस उसको अस्तित्व भन्दा बढी दुःख पाएको छैन। त्यसको अर्थ उसको जीवनभर बाहेक कोही पनि मानिसले कष्ट पाएको हुँदैन। हजारौं वर्षको पापको दाँजोमा हाम्रो मानव जीवन कति छोटो छ? यस धारणाले खराबको बारेमा कठिन प्रश्नको मामिलालाई बुझ्न कसरी सहयोग हुन्छ होला?**

आ. **मुक्तिको योजनामा सहस्रवर्षको समय कसरी उपयुक्त भएको देखिन्छ? यही अवधिभरी परमेश्वरको चरित्र मुक्ति पाएकाहरूले देख्नेछन्। जब परमेश्वरको न्याय, उचित व्यवहार र प्रेमलाई मुक्ति पाएका सबैले देखिनेछन् तब उहाँको न्याय परमेश्वरलाई नरोजेर बदमाश, दुष्ट जीवन बिताउनेमाथि आएको उचितै भएको तिनीहरूले कसरी महसुस गर्नेछन्?**

## कथा १३
## रुसी भाषा बोल्नेहरूको निम्ति शरणस्थल
### आन्ड्र्यु मेकचेस्नी

युक्रेनका पास्टर भाडिम क्रिनिच्नीलाई रुसी भाषा बोल्ने एडभेन्टिस्टहरूको निम्ति चर्च भवन भेट्टाउन धेरै मुश्किल भएको थियो। उनले स्पेनिश भाषा बोल्ने भ्यालेन्सिया सहरमा चर्च भवनको निम्ति बहाल लिने ठाउँ खोज्दै थिए। धेरै प्रार्थना पछि सहरको केन्द्रविन्दुमा रहेको एउटा सभागृह भाडामा लिने उनले मौका पाए। त्यहाँ १०० जना मानिसहरू अटाउँथ्यो। त्यसको बहाल ५०० युरो वा महिनाको ५५० डलर वा करिब रु ६०००० थियो।

"यो त खोजेको भन्दा धेरै उत्तम थियो," भाडिमले भने।

चर्चमा आराधना गर्न २६ जनाको निम्ति त्यो हल धेरै ठुलो त थियो। तर भाडिमले मानिसहरूकहाँ पुग्ने वा आउटरिच कार्यक्रमहरूको कार्यक्रम बनाए। आइतबार सर्वसाधारणलाई खाजा ख्वाउने कार्यक्रम अपनाइयो। रुसी भाषा बोल्ने बालबालिकाहरूलाई विशेष अतिरिक्त क्रियाकलापको निम्ति निम्तो दिए। बिदाको दिन, नयाँ वर्ष र इस्टरका दिनहरूमा विशेष कार्यक्रमहरूको योजना गर्न थालियो। त्यहाँ सङ्गित कार्यक्रम पनि गर्न थालियो। यो त लोकप्रिय नै हुन थालेको थियो। चर्चमा धेरै भिड हुन थालेको थियो र कतिपय समयमा ठुलो सभागृहलाई भाडामा लिन वाध्य भएको थियो।

रुसी भाषा बोल्ने स्थानीय बासिन्दाहरूसँग चर्चले राम्रोसँग साँठगाँस गर्न थालियो। चर्च त रुसी भाषा बोल्नेहरूको निम्ति केन्द्रिय स्थल पो हुनथालियो। कमसेकम ४ लाख रुसी भाषा बोल्ने मानिसहरू भ्यालेन्सियामा बसोबास गर्छन्। मेडिटेरिनयन समुद्री किनारामा पनि रुसी भाषा बोल्ने मानिसहरू रहन्छन्। तिनीहरूमा ५०० जना सेभेन्थ-डे एडभेन्टिस्ट छन्।

नयाँ चर्चमा बप्तिस्मा लिने पहिलो व्यक्ति रुसको वा विगतका सोभियत राज्यको नागरिक थिएन। त्यो एक जना महिला थिइन्। उनी इरानमा जन्मेकी थिइन् र येशूमाथि आस्था नराख्ने धर्ममा हुर्केकी थिइन्। बेलारुस राज्यमा १२ वर्ष अध्ययन गरेपछि उनी रुसी भाषा राम्रोसँग बोल्थी। बाटोमा हिंड्दै गर्दा कसैले उनलाई चर्चमा आउन अनुरोध गरेको थियो।

२५ जनाले बप्तिस्मा लिए र चर्च छोडेका भूतपूर्व एडभेन्टिस्टहरू येशूलाई आफ्ना हृदय फेरि सुम्पेका थिए। हरेक हप्ता चर्चमा ६५ जना

वयस्कहरू र ४० जना बालबलिकाहरू आराधना सेवामा लागेका थिए। अनि सन २०२१मा युक्रेनमा युद्ध सुरु भयो।

आफ्नो देशमा भएको द्वन्द्वबाट भागेकाहरूलाई सहयोग गर्न चर्च सहयोग गर्ने थलो भएको देख्दा भाडिम अचम्म माने। स्थानीय सरकारसँग मिलेर युक्रेनबाट भागेका शरणीर्थीहरूको निम्ति आश्रय स्थान चर्च हुन थाल्यो। युद्ध भएको पहिलो दुई महिनामा २०० जना त्यस चर्चको आश्रय स्थानमा आए। तिनीहरूलाई खाना र बस्न दिएको थियो। तिनीहरूमा आधाजति त एडभेन्टिस्ट नै थिए। अरू धेरैले पनि सहयोग पाएका थिए।

"हामी रुसी भाषा बोल्ने भएकोले धेरै मानिसहरू हामीकहाँ आउन थालेको छ। शरणार्थीहरूले स्पेनमा कसैलाई चिनेको थिएन। हामी रुसी भाषा बोल्ने भएकोले तिनीहरू हामीकहाँ आउँछन्। तिनीहरूलाई थाहा भएका समाजसँग घुलमिल गर्न पाएकोले तिनीहरू खुशी छन्," भाडिमले बताए।

युक्रेनमा द्वन्द्व सुरु हुनुभन्दा अघिदेखि नै सहरको केन्द्रविन्दुमा चर्च हुन गएकोलाई भाडिमले परमेश्वरलाई नै श्रेय दिनुहुन्छ। ती सबै र स्पेनमा रहेका रुसी भाषा बोल्ने सबैलाई येशूको दोस्रो आगमनको आशा फैलाउन उनी धेरै उत्सुक छन्। "ती मानिसहरूका आवश्यकताहरूलाई सहयोग गर्न हामी भरमग्दो प्रयास गरिरहेकाछौं," भाडिमले सुनाए।